# २०७१ सालसम्म प्रतिष्ठान अन्तर्गत विभिन्न विद्यालयमा रहेका छात्रवृत्ति अक्षयकोषहरूबाट लाभान्वित विद्यार्थी विवरण

| सि. नं. | विद्यालय | कोष रकम | स्थापना | आ.व. ०७०/७१ सम्म वितरण | | आ.व. ०७१/७२ मा वितरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वि. संख्या | रकम | वि. संख्या | रकम | |
| १. | रूपन्देही लीलाराम न्यौपाने उ. मा. वि., रूपन्देही | २,५०,००० | २०६१ | २१९ | १,१७,२०० | ३० | १६,२०० | चैत्र २९ गते वितरण हुने |
| २. | रूपन्देही क्याम्पस रूपन्देही | २,५०,००० | २०५८ | १५९ | १,५५,२०० | १२ | १९,२०० | |
| ३. | भानु मा. वि. सिद्धार्थनगर | २,५०,००० | २०६६ | १३४ | ९७,००० | ५३ | २६,५०० | |
| ४. | जनज्योति नमूना मा. वि. प्रगतिनगर, नवलपरासी | ५१,००० | २०५८ | १०२ | ५८,००० | १० | ५,००० | |
| ५. | लीलाधर घिमिरे छपिया जनता कलेज, रूपन्देही | १,००,००० | २०६७ | १२ | ३६,००० | ४ | १२,००० | |
| ६. | भैरहवा उ. मा. वि. सिद्धार्थनगर, रूपन्देही | २,५०,००० | २०६९ | ५ | १५,००० | ५ | १८,००० | |
| ७. | पक्लिहवा मा. वि., सिद्धार्थनगर, रूपन्देही | २,५०,००० | २०६९ | १० | २०,००० | १० | २०,००० | |
| ८. | मालिका उ. मा. वि., जुम्ला | २,५०,००० | २०७० | | | २२ | २३,००० | |
| ९. | भैरहवा बहुमुखी क्याम्पस | २,५०,००० | २०७० | | | ३ | १५,००० | २०७२ वैशाखमा वितरण हुने |
| १०. | स्वामी कार्तिक उ. मा.वि., वाई, बाजुरा | २,५०,००० | २०७० | | | | | २०७२ देखि वितरण हुने |
| ११. | गुरूवानी माई मा. वि., रूपन्देही | २,५०,००० | २०७० | | | | | यही चैत्र २९ गते वितरण हुने |
| १२. | जनज्योति प्रा. वि., ज्यामिरे, नवलपरासी | २,५०,००० | २०७० | | | | | २०७२ वैशाखमा वितरण हुने |

## राष्ट्रिय जीवनका निम्न विधाहरूमा समर्पित महानुभावहरूलाई २०७१ सालको सम्मान अर्पण गरिएको छ ।

### लीलाराम कुन्तीदेवी न्यौपाने स्वास्थ्यसेवा सम्मान-२०७१

# डा. सुदर्शनप्रसाद धिताल



गोरखाको खरीबोटमा जन्मनु भई रूपन्देहीको मणिग्राममा स्थायी बसोबास गर्नुभएका सुदर्शनप्रसाद धितालले भारतको दरभङ्गा मेडिकल कलेजबाट सन् १९७४ मा MBBS तथा Mysore University बाट सन् १९८२ मा DOMS / MS गर्नुभएको छ । साथै बेलायतमा Advanced Opthalmology, भारतमा Management of Eye Care Delivery System र अमेरिकाको हवाईमा Vitreco-Retinal Surgery को तालिम समेत गर्नु भएको छ । उहाँले सन् १९७४ मा लमजुङ जिल्लामा मेडिकल अधिकृतबाट सेवा शुरू गर्नु भई वीर अस्पतालमा सन् १९७९ मा Opthalmology विभागबाट आँखा रोग विशेषज्ञको रूपबाट सेवा गर्नुभयो । यही क्रममा नेपाल आँखा अस्पतालको रजिष्ट्रार हुँदै सन् १९८२ मा भैरहवामा लुम्बिनी आँखा अस्पतालमा सेवा गर्दै सन् १९८९ देखि सन् १९९७ सम्म नेपाल नेत्र ज्योति संघद्वारा संचालित लुम्बिनी रण अम्बिका आँखा अस्पताल भैरहवामा निर्देशकको जिम्मेवारी सम्हाल्नु भएको थियो । त्यहाँ रहँदा अस्पतालको सेवा सुविधा विस्तार गर्नुका साथै संस्थागत सुधार गर्नुभयो । यसै क्रममा सन् २००१ मा नेत्र विज्ञान अध्ययन संस्थानको निर्देशकको भूमिका समेत निर्वाह गर्नु भयो । सन् २००२ देखि हालसम्म उहाँ भैरहवामा श्रीकृष्ण नेत्रालयको निर्देशकको रूपमा आँखा उपचारमा सक्रिय रहंदै आउनु भएको छ । उहाँका विभिन्न अनुसन्धानमूलक लेख रचनाहरू राष्ट्रिय तथा अन्तराष्ट्रिय जर्नलहरूमा प्रकाशित भईसकेका छन् । हाल उहाँ विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थासँग आवद्ध रहनु भएको छ । उहाँले आँखा रोगको उपचारमा पुऱ्याएको योगदानको लागि DISTINGUISHED SERVICE AWARD, NETRAJYOTI SPECIAL SERVICE MEDAL AND AWARD, CHITRA PHARI SCIENTIFIC MEDICAL AWARD / LEADING HEALTH PROFESSIONA WORLD २००७ का साथै विभिन्न संघ संस्थाहरूबाट समेत सम्मानित हुनुहुन्छ ।

## लीलाराम कुन्तीदेवी न्यौपाने समाजसेवा सम्मान-२०७१
# श्री उत्तम सञ्जेल



काठमाण्डौको गोठाटारमा रामचन्द्र र गंगामाया सञ्जेलको कोखबाट वि.सं. २०३२ सालमा जन्मनु भएका उत्तम सञ्जेलले शिक्षामा पहुँच नभएका गरिब बालबालिकाहरूलाई पैसाको अभावले शिक्षा पाउने अधिकारबाट वञ्चित हुनु नपरोस् भनेर सन् २००१ मा समता शिक्षा निकेतनको स्थापना गर्नु भएको हो । उहाँको विद्यालयमा मासिक रू एक सय मात्रै तिरेर अध्ययन गर्न सकिन्छ । पढाईको गुणस्तर कायम राख्न उहाँ अहोरात्र खटिनुभएको छ । उहाँ चलचित्र क्षेत्रसँग सम्बन्धित व्यक्ति भएकोले भारतको मुम्बईमा रहँदा शिक्षाबाट प्रभावित भई एकाएक उहाँको विचारमा परिवर्तन आएकोले नेपालमा गरिब बालबालिकाको शिक्षामा पहुँच बढाउन केही कार्य गर्ने अठोट सहित नेपाल फर्कनुभयो । उहाँले विद्यालय भवन निर्माणलाई वातावरणमैत्री बनाउन बाँस जातको रूखको प्रयोग गरी निर्माण गराउनु गर्नुभएको छ । सबै जिल्लामै विद्यालय विस्तार गर्ने योजना बनाई सोही अनुरूप काम गर्दै जाँदा हालसम्म १९ जिल्लामा ३५,००० भन्दा बढी विद्यार्थीहरूलाई उहाँले आफ्नो समता विद्यालयमा अध्ययनरत गराउन सफल भई सक्नु भएको छ । समता विद्यालयमा छात्रभन्दा छात्राको संख्या बढी छ । उहाँले उच्च शिक्षाको लागि समेत मासिक शिक्षण शुल्क रू एक सय मै स्नातक र स्नातकोत्तर तहको अध्यापन समेत शुरू गराइसक्नु भएको छ । यसरी उहाँले समाज परिवर्तनको लागि सबै बालबालिकालाई शिक्षाको उचित अवसर दिलाउन प्रयत्न गर्ने प्रेरणादायी व्यक्ति बन्नुभएको छ । उहाँको यस अभियानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूबाट समेत सहयोग र हौसला प्राप्त भएको छ ।



## लीलाराम कुन्तीदेवी न्यौपाने पत्रकारिता सम्मान-२०७१
## श्री आरती चटौत



माता राजलक्ष्मी र पिता आर.डि. प्रभास चटौतको कोखबाट जन्मनु भएकी आरती चटौत पत्रकारिता पेशामा सन् १९९७ देखि नेपाल टेलिभिजनमा सम्वाददाताको रूपमा प्रवेश गर्नुभएको थियो । हाल उहाँ नेपाल टेलिभिजनमा कार्यकारी कार्यक्रम निर्देशकको रूपमा कार्यरत हुनुहुन्छ । उहाँले स्नातकोत्तर तहको पत्रकारिता विषयमा उच्चतम स्थान हासिल गर्नु भई नेपाल सरकारबाट "नेपाल विद्या भुषण" प्राप्त गर्नुभएको छ । उहाँ प्रवल जनसेवाश्री विभुषण र पत्रकारिता पुरस्कारबाट सम्मानित भईसक्नु भएको छ । त्यस्तै गरी USA को Arkansas राज्य सरकारबाट "Ambassador of Goodwill" बाट पनि उहाँ सम्मानित हुनुहुन्छ । उहाँले नेपाल टेलिभिजनबाट प्रशारण हुने महिला, बालबालिका र अन्य सामाजिक मुद्दाहरूको विषयको साप्ताहिक कार्यक्रम "संघर्ष" को निर्माता र निर्देशकको पदभार सम्हाल्दै आउनु भएको छ । यसको अलावा लैंगिक विभेद, महिला सशक्तिकरण, HIV Aids र बालबालिकाका क्षेत्रमा विविध कार्यक्रम र तालिमहरू पनि उहाँले सञ्चालन गर्दै आउनु भएको छ । महिला सशक्तिकरणको क्षेत्रमा सञ्चालित लोकप्रिय कार्यक्रम "जागृति" उहाँकै देन हो ।

## लीलाराम कुन्तीदेवी न्यौपाने शिक्षासेवा सम्मान-२०७१
## श्री महाशर्मा घिमिरे



वि.सं. २०२२ सालमा नवलपरासी जिल्लाको प्रगतिनगरमा महाशर्मा घिमिरेले ७ जना विद्यार्थीबाट जनज्योति प्राइमरी स्कूलको स्थापना गरी प्र.अ. को जिम्मेवारी वहन गर्नु भयो । उहाँले हालको श्री जनज्योति उ.मा.वि. प्रगतिनगरलाई वि.सं. २०२६ मा नै प्राइमरीबाट मा.वि. स्तरको संचालन अनुमति लिई वि.सं. २०३५ सालमा जिल्लाको एकमात्र नमूना विद्यालय बनाउन सफल हुनुभएको थियो । विद्यालयको भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तरहरू सुधार गर्दै वि.सं. २०५७ सालमा उहाँ शिक्षण पेशाबाट अलग हुनुभएपछि उहाँले सोही विद्यालयमा व्यवस्थापन समितिको अध्यक्षको हैसियतमा कार्य गर्नुभयो । उहाँ विभिन्न सामाजिक कार्यहरूका साथै दुम्कौली स्वास्थ्य चौकीको व्यवस्थापनमा समेत लामो समय संलग्न रहनुभयो । उहाँले वि.सं. २०४० सालमा जिल्ला शिक्षा पुरस्कार, वि.सं. २०३६ र २०४७ मा दुई पटक राष्ट्रिय शिक्षा पुरस्कार समेत प्राप्त गरिसक्नु भएको छ । साथै उहाँले सामाजिक कार्यहरूमा योगदान पुऱ्याए बापत विभिन्न संघ संस्थाहरूबाट उहाँ सम्मानित हुनुभएको छ ।

## लीलाराम कुन्तीदेवी न्यौपाने खेलकुद सम्मान-२०७१
# श्री विमल घर्तीमगर

नवलपरासीको भुताहामा होमबहादुर र धनकुमारी घर्तीमगरको कोखबाट आजभन्दा १७ वर्ष अघि (सन् १९९८) मा जन्म लिनुभएका विमल घर्तीमगरले सन् २०११ मै मुखर्जी कपबाट फुटबलमा आफ्नो बाल प्रतिभा देखाउनु भएको हो । सानैदेखि चटकेले चटक देखाए जसरी फुटबललाई खुट्टाले खेलाएर धेरैलाई मन्त्रमुग्ध पार्ने विमल घर्तीमगरले १४ वर्षको उमेरमै सन् २०१२ मा नेपाली राष्ट्रिय टीम १६ वर्ष मुनिका (यु–१६) को खेलमा र खासगरी बंगलादेश विरूद्वको मैत्रिपूर्ण फुटबल खेलमा उहाँले उत्कृष्ट प्रदर्शन गर्नुभएको थियो । उतिबेला नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उहांको आशालाग्दो खेलाडीको पहिचान स्थापित भइसकेको हो । त्यस्तै सन् २०१३ मा भएको आठौं साफ च्याम्पियनसिपबाट अन्तर्राष्ट्रिय खेलमा Debut गर्दाकै दिन पाकिस्तान विरूद्व एक गोल गरी खेल बराबरीमा रोके पछि नेपालको इज्जत प्रतिष्ठा बढाउन उहाँको योगदान शुरू भएको हो । अत्यन्तै मिहेनती र अनुशासित भएकोले उहाँकै कप्तानीमा नेपालले विभिन्न देशहरूसँग राम्रो फुटबल खेलिसकेको छ । उहाँ नेपाली राष्ट्रिय टिमको उत्कृष्ट स्ट्राइकर खेलाडीको रूपमा चर्चित भैसक्नु भएको छ । युरोपियन फुटबल कल्बबाट फुटबल खेल्ने पहिलो नेपाली खेलाडीको रूपमा उहां परिचित भईसक्नु भएको छ । हाल उहां बेल्जियमको फुटबल कल्ब Anderlecht मा आवद्व हुनुहुन्छ । उहाँको उत्कृष्ट प्रदर्शनका कारण विभिन्न पुरस्कार, मान सम्मानको साथै २०७१ सालको सुकीर्ति पदक समेत उहाँलाई प्राप्त भईसकेको छ ।



## लीलाराम कुन्तीदेवी न्यौपाने पत्रकारिता सम्मान-२०७१
# श्री प्रतीक प्रधान



सन् २०१३ देखि नागरिक राष्ट्रिय दैनिकमा प्रधान सम्पादकको जिम्मेवारी वहन गर्दै आउनुभएका प्रतीक प्रधानले त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर Harward University बाट MPA गर्नुका साथै Full Bright छात्रवृत्तिमा USA मा पत्रकारिताको अध्ययन गर्नुभएको छ । उहाँले काठमाण्डौ पोष्टमा सम्पादक र कारोवार दैनिकमा प्रधान सम्पादकको जिम्मेवारी वहन गरिसक्नु भएको छ । उहाँका आर्थिक र पत्रकारिता विषयका लेख रचनाहरू नेपालका विभिन्न पत्रपत्रिकाको साथै अन्तर्राष्ट्रिय जर्नलहरूमा समेत प्रकाशित भएका छन् ।

उहाँ विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम गोष्ठीमा प्रशिक्षकको रूपमा समेत संलग्न रहँदै आउनु भएको छ । यसअघि नेपाल प्रेस काउन्सिल र एसियन न्युज नेटवर्कको सदस्य रही सक्नु भएकोमा हाल साउथ एसिया मिडिया कमिसनको महासचिव र फाइनान्सियल टाइम्स, लण्डन, यु.के. को Correspondent को हैसियतमा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पत्रकारिताको विकासमा क्रियाशील हुनुहुन्छ ।

## लीलाराम कुन्तीदेवी न्यौपाने शिक्षासेवा सम्मान-२०७१
# श्री रामलखन हरिजन



रामग्राम–५ नवलपरासीमा वि.सं. २०२६ सालमा जन्मनु भएका रामलखन हरिजन वि.सं. २०४६ देखि शिक्षण पेशामा संलग्न हुनुहुन्छ । उहाँले २०६७ सालदेखि धान्याचल महायज्ञ मा.वि. को प्र.अ.को जिम्मेवारी समेत वहन गरी विद्यालयको शैक्षिक गुणस्तर सुधारका कार्यहरूमा जोड दिनु भयो । उक्त विद्यालयले विगत ३ वर्षको प्रवेशिका परिक्षामा उत्कृष्ट नतिजा हासिल गर्दै २०७० मा ४२ जना विद्यार्थीहरू उत्तिर्ण गराई सामुदायिक विद्यालयतर्फ जिल्ला प्रथम (८७.५५ ) हुन सफल भयो । उहाँ विभिन्न सामाजिक संघ संस्थामा पनि उत्तिकै सक्रिय रहनु भएको छ । शिक्षण पेशाको क्रममा उहाँले छुवाछुत प्रथाको अपमानसँग निरन्तर संघर्ष गर्नु परेपनि अटल रहनुभयो । फलस्वरूप उहाँ विभिन्न संघ संस्थाबाट समेत सम्मानित हुनुभएको छ ।

